महालेखापरीक्षकको कार्यालय

*अनामनगर/बबरमहल*

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

८०६६१५०२३००

डोल्पा

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय

*काठमाडौं*

प.सं.:२०८२/८३ मिति : २०८२-७-१२

च.न :

*विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।*

श्री कार्यालय प्रमुख ज्यु ,
छार्का ताङसोङ गाउँपालिका, डोल्पा ,
डोल्पा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।०५।०५ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

बोधार्थ तथा कार्यार्थः

अभिराज
डाँगी
निर्देशक

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रतिवेदन संलग्न छ ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, डोल्पा प्रतिवेदन संलग्न छ ।,
dolpa.fcgo@dtco.gov.np
श्री प्रदेश लेखा इकाई कार्यालय, डोल्पा, प्रतिवेदन संलग्न छ । ,
dolpa.pfuo61@gmail.com

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ३४५.५७ वर्ग किलोमिटर तथा १६७२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।३ देखि २०८२।५।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, तथा विगत वर्षको आम्दानी समेत आयतर्फ रु.३१५१७६४२८।६९ चालु खर्च, पुँजीगत खर्च तथा अन्य खर्च रु.३१५१७६४२८।६९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण

गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२०४५८३।-असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| **सि.नं** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| १ | बीमा वापत बढी भुक्तानी भएको रकम भौचर नं ८४१८६०५ बाट दाखिला भएको । | २४५० |
| २ | घटी कट्टी धरटी रकम असुल गरी धरौटी खातामा दाखिला भएको । | १६३१६१ |
| ३ | बढी भुक्तानी भएको प्रशिक्षण भत्ता भौचर नं ५८१२६९८ बाट दाखिला भएको । | १०००० |
| ४ | ऐन बहादुर बोहोराको पारिश्रमिक कर बापतको रकम भौचर नं ८४१८५८४ बाट दाखिला भएको । | १९९२५ |
| ५ | बुद्दि बहादुर धरलाको पारिश्रमिक कर बापतको रकम भौचर नं ८४१८५६४ बाट दाखिला भएको । | ९०४७ |
| | **जम्मा** | **२०४५८३** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय विवरण परिक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० नेपाल सरकारबाट स्वीकृत भएको

सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको एकीकृत वित्तीय विवरण निम्नानुसार रहेको छ ।

| **प्राप्ति** | | | **भुक्तानी** | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम रु** | **रकम रु** | **विवरण** | **रकम रु** | **रकम रु** |
| **सुरु मौज्दात** | **०** | **४५६८७११९.५१** | **चालुखर्च** | **०** | **१२२७११६७२.९८** |
| १.संचित कोष | **४००६३३४३.३६** | ० | १.पालिका तर्फ | **८४२८३०९६.०४** | **०** |
| २.धरौटी | **५१६७७३२.६७** | ० | २.संघीय सशर्त | **३७४०४०७६.९४** | **०** |
| ३.कार्यसञ्चालन कोष | **१८८१२३.४८** | ० | ३.प्रदेश सशर्त | **१०२४५००** | **०** |
| ४. प्रकोप व्यवस्थापन कोष | **२६७९२०.** | ० | **पुँजीगतखर्च** | | **१०५०५१४५८** |
| **यस वर्षको आय** | **०** | **१९१७६५९०५.६४** | १.पालिका तर्फ | **५३२०८६७१** | |
| **१.आन्तरिक आय** | ८७५०८२३.३४ | | २.संघीय सशर्त | **१९८०७३०८** | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | **०** | | ३.संघीय समपुरक | **८७३१३८३** | |

| | | | | | |
|---|---|---|---|---|---|
| क) समानीकरण अनुदान | **६३९५६७२०** | ० | 4. प्रदेश सशर्त | **१५६६८८२३** | |
| ख) राजस्व बाँडफाँट | **४१०८४२७९.३** | ० | 5. प्रदेश समपुरक | **७६३५२७३** | |
| ग) सशर्त अनुदान | **६९२४३०००** | ० | **अन्तरसरकारी अख्तियारी (संघ)** | | **३८७५०३१२** |
| घ) समपुरक अनुदान | **८७३१३८३** | ० | क)सामाजिक सुरक्षा | **९०८७६००** | |
| | | | ख)गरिबसँग विशेश्वर कार्यक्रम | **०** | **०** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | **०** | **२९४६७४२७** | ग) स्थानिय पुर्वाधार सहयोग कार्यक्रम | **१६६४५५४२** | |
| क) समानीकरण अनुदान | **३००९०००** | ० | घ) स्थानिय तह प्रशासकिय भवन पुर्वाधार | **९५०००००** | |
| ख) राजस्व बाँडफाँट | **७४०१५४.०१** | | ङ) उच्च पशाडी तथा हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक ससक्तिकरण | **३५१७१७०** | |
| ग) सशर्त अनुदान | **१८०८३०००** | ० | धरौटीफिर्ता तथा सदर स्याहा | **२६५७६०१** | **२६५७६०१** |

| | | | | | |
|---|---|---|---|---|---|
| घ) समपुरक अनुदान | **७६३५२७३** | ० | कार्यसञ्चालन कोषबाट भएको खर्च | **२७७१३४** | **२७७१३४** |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **३८७५०३१२** | **अनुदानफिर्ता** | | **१३४२१२९२.०८** |
| क) सामाजिक सुरक्षा | **९०८७६००** | | १.संघ तर्फ | **१२०३१६१५.०८** | |
| ख) गरिबसँग विशेश्वर कार्यक्रम | **०** | ० | क)सशर्त अनुदान | **१२०३१६१५.०८** | |
| ग स्थानिय पुर्वाधार सहयोग कार्यक्रम | **१६६४५५४२** | ० | ख)विशेष अनुदान | **०** | |
| घ स्थानिय तह प्रशासकिय भवन पुर्वाधार | **९५०००००** | | ग)समपुरक अनुदान | **०** | |
| ङ उच्च पशाडी तथा हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक ससक्तिकरण | **३५१७१७०** | | २.प्रदेश तर्फ | **१३८९६७७** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **७. धरौटी आय** | **९०३६६९६** | **९०३६६९६** | क)सशर्त अनुदान | **१३८९६७७** | |
| **८. कार्यसञ्चालन कोष आय** | **४३६४९९.८३** | **४३६४९९.८३** | ख)विशेष अनुदान | **०** | |
| **१२. हिसाव मिलान गर्नुपर्ने** | **३२४६८.७** | **३२४६८.७** | ग)समपुरक अनुदान | **०** | |
| | | | **अन्तिममौज्दात (बैंक)** | **०** | **३२३०६९५८.६३** |
| | | | १.संचित कोषको मौज्दात | २०१४४७२१.६५ | ० |
| | | | २.धरौटी | ११५४६८२७.६७ | ० |
| | | | ३.कार्यसञ्चालनकोष। विविध खर्च खाता | ३४७४८९.३१ | ० |
| | | | ४.प्रकोप व्यवस्थापन कोष | २६७९२० | ० |
| **जम्मा** | **३१५१७६४२८.६९** | **३१५१७६४२८.६९** | **जम्मा** | **३१५१७६४२८.६९** | **३१५१७६४२८.६९** |

साथै पालिकालको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचीमा समावेश गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२०४०८९९।६१, यस वर्षको प्राप्ति रु.६१६७७२६८.५९,यस वर्षको भुक्तानी रु.५५१०५३३९.०६ र बैङ्क मौज्दात रु.२०७३३६८.२९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४३६४६२१९.९० | २०७८१२०४०.५९ | २२७७६३१३०.९८ | ३०२३३५९०.३४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४५६८७११९.५१ | २६९४८९३०९.१८ | २८२८६८४७०.०४ | ३२३०६९५८.६३ |
| फरक | २०४०८९९.६१ | ६१६७७२६८.५९ | ५५१०५३३९.०६ | २०७३३६८.२९ |

सैद्धान्तिक बेरुजु

२.३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्य प्रणाली लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९०८७६००, उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम रु.३५१७१७०।०, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.९५०००००।० र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम

रु.१६६४५५४२।० समेत गरी रु.३८७५०३१२।० सुत्रमा लेखाङ्कन गरेको छैन । सुत्रबाट तयार भएको वित्तीय विवरणमा सबै कारोबार समेटी यथार्थ आर्थिक अवस्थाको चित्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रु.२०७३३६८।३१ फरक परेको छ । अन्य खर्च खातामा रहेको रकम संचित कोषमा ट्रान्सफर गर्दा बैंक मौज्दात र स्रेस्ता मौज्दात फरक परेको कार्यालयले जनाएको छ । अत कार्यालयले हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| विविध खर्च खाता | ३४७४८९.३१ | ३४७४८९.३१ | ० |
| स्थानीय तह धरौटी खाता | ११५४६८२७.६७ | ११५४६८२७.६७ | ० |
| स्थानीय तह सञ्चित कोष खाता | १८०७१३५३.३६ | २०१४४७२१.६७ | २०७३३६८.३१ |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | २६७९२० | २६७९२० | ० |
| **जम्मा** | **३०२३३५९०.३४** | **३२३०६९५८.६३** | **२०७३३६८.३१** |

सैद्धान्तिक बेरुजु

२.५ **हिसाब मिलान विवरण -** पालिकाले पेश गरेको एकिकृत वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी समेत यस वर्ष कुल आम्दानी रु. ३१५१४३९५९।९९ भएकोमा वर्षान्तको मौज्दात समेत

रु. ३१५१७६४२८.६७ खर्च भएको विवरण पेश गरेकोमा आम्दानी तर्फ कम देखिएको रु.३२४६८।७ पालिकाबाट एकिन गरी हिसाव मिलान विवरण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३२,४६८.७ |
|---|---|

२.६ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको म.ले.प.फा.नं.२७० को प्राप्ति भुक्तानी प्रतिवेदनअनुसार रु.४३६४६२१९।९० मौज्दात रहेकोमा यो वर्षको एकिकृत आर्थिक विवरणमा रु. ४५६८७११९।५१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २०४०८९९।६१ बढी जिम्मेवारी सारेको सम्बन्धमा कारण यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

· विभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा नल्याएको ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी नरहेको,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा नतोकेको,

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस सरकार र स्थानीय तहले बजेट कार्यान्यनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यवस्थाको पालना नगरेको,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना नभएको,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोरमैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यवस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरणमैत्री डम्पिङ साइटको व्यवस्था नगरेको,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु नगरेको,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन नगरेको,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस नगरेको,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार नगरेको,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वयनमा नआएको,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,

· दिगो विकास योजना (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए नगरेको,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता नराखेको,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा नराखेको,

· कार्यालयले बेरुजु लगत प्रतिवेदनसँग सम्बन्धित म.ले.प. फाराम अनुसारको विवरण अद्यावधिक गरि राख्नुपर्नेमा नराखेको

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी उल्लेखित ब्यहोरामा सुधार गर्न पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४ बजेट तथा कार्यक्रम

४.१ **बजेट पेश, पारित र अख्तियारी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । उपप्रमुखले मिति २०८१।०३।१० मा रु. ३० करोड १५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति

गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **रकमान्तर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । कार्यपालिकाको निर्णय बमोजिम ८ कार्यक्रम घटाई १५ कार्यक्रममा बढाएर विभिन्न शिर्षकमा कुल रु.६२००००० रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा रकमान्तर गर्ने प्रावधान नराखी एक शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेकोमा कानुनी प्रावधानको पालना गरेर मात्र रकमान्तर गर्नुपर्दछ ।

| **क्र.स.** | **स्वीकृत आयोजना/कार्यक्रमको नाम** | **बजेट रकम रु.** | **संशोधित आयोजना/कार्यक्रमको नाम** | **बजेट रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| 1 | फर्निचर तथा फिक्चर्स | ८४५००० | प्रशासनिक भवन निर्माण | ८४५००० | |
| २ | समपुरक म्याचिङ रकम | ९२००००० | LISP साझेदारी समपुरक | ९२००००० | |
| ३ | शे मेला आयोजना अनुदान | १५००००० | लेचुङदेखि धोवाङसम्म गोरेटो बाटो निर्माण | १५००००० | |

सैद्धान्तिक बेरुजु

४.५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ८२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या | कार्यान्वयन भएका योजना संख्या | कार्यान्वयन नभएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १० | ९ | १ | ० | १० | ० |
| २. | वडा स्तरीय | ४२ | ५ | २७ | १० | ४१ | १ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरकायम गर्ने नसक्ने अवस्था आउँछ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५१ योजनामात्र कार्यान्वयन भई योजना कार्यान्वयन भएपनि भुक्तानी नभएको र १ योजना कार्यान्वयन नै हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.६ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई

कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च रु.** | **त्रैमासिक खर्च रु.** | | | | **आषाढ महिनाको खर्च रु.** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्च रु. | १०५०५१४५८ | ५४९३९५० | २३२८६०९६ | ५७८३२८२ | ७०४८८१३० | ६३७८८२९३ |
| प्रतिशत | १०० | ५.२३ | २२.१७ | ५.५१ | ६७.०९ | ६०.७२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १०५०५१४५८।० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५४९३९५०।० (५.२३प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२३२८६०९६।० (२२.१७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५७८३२८२।० (५.५१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७०४८८१३०।० (६७.०९ प्रतिशत) खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ६३७८८२९३।०(६०.७२ प्रतिशत) खर्च देखिनुले आषाढमा खर्चको भुक्तानी बढी देखिएकाले त्रैमासिक रुपमा सन्तुलित खर्च व्यवस्थापन गरेको छैन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२९८९००० | १७७२२१४४ | ८०.५९ |
| २ | पूर्वाधार विकास | १२३५७७२८३.८९ | ९२६९२२५३ | ७५.०१ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | ५४४९०००० | ४२२९४८०८.९४ | ७७.६२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२००००० | १००५००० | ८३.७५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ७१७७३८३३.३६ | ६५३१७५४२.०४ | ९१ |
| ६ | **जम्मा** | २७३०३०११७.२५ | २१९०३१७४७ | ८०.२२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.२६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटीमा ०.४४ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

४.८ **गत वर्षको भुक्तानी-** आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। गत विगत वर्षको दायित्वको भुक्तानी दिन वाँकीको विवरण बजेटमा रु.१८००००।० व्यवस्था गरी कार्यपालिका र सभाबाट भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी प्रमाणित गरेको देखिन्छ । पालिकाले समयमै भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका

क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन गरी अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू.८११३८९९ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी फिर्ता गर्नुपर्ने देखिएकोमा सोहि रकम सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| अनुदान | प्राप्त रकम | खर्च रकम | फिर्ता गर्नुपर्ने रकम | फिर्ता भएको रकम |
|---|---|---|---|---|
| संघ शर्सत(चालु) | ४५७००००० | ४२६६८४७० | ३०३१५३० | ३०३१५३० |
| संघ शर्सत(पुँजिगत) | २३५००००० | १९८०७३०८ | ३६९२६९२ | ३६९२६९२ |
| संघ विशेष(पुँजिगत) | ० | ० | ० | ० |
| संघ समपूरक(पुँजिगत) | ८७३१३८३ | ८७३१३८३ | ० | ० |
| प्रदेश शर्सत(चालु) | १०८३००० | १०२४५०० | ५८५०० | ० |
| प्रदेश शर्सत(पुँजिगत) | १७०००००० | १५६६८८२३ | १३३११७७ | १३३११७७ |
| प्रदेश समपूरक(पुँजिगत) | ७६३५२७३ | ७६३५२७३ | ० | ० |
| प्रदेश विशेष(चालु) | ० | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | १०३६४९६५६ | ९५५३५७५७ | ८११३८९९ | ८११३८९९ |

सैद्धान्तिक बेरुजु

७ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १० करोड ५ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ८७५०५२३ राजस्व बाँडफाँड र अनुदानबाट रु.२१२४८२८०९ समेत रु.२२१२३३३३२ आम्दानी भएकोमा चालु तर्फ रु. १२२७११६७३ र पूँजिगत तर्फ रु.१०५०५१४५८ समेत रु.२२७७६३१३० खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ३.८४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.५३८३०५० खर्च भएको छ जुन आन्तरिक आयको ६१.५२ प्रतिशत रहेको छ ।यसमा पदाधिकारी खर्च आन्तरिक आयको तुलनामा बढी देखिएको हुँदा आन्तरिक आयसँग मध्यनजर गरी पदाधिकारी सुविधा व्यवस्थापन गर्नुपर्दछ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.८८ प्रतिशत चालु र ४६.१२ प्रतिशत मात्र पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु. १८९८०००।० अबण्डा बजेट व्यवस्था खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको देखिएन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । कानुनमा व्यवस्था भएबमोजिम त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगरी अन्तिम त्रैमासिकमा एकैपटक गरेको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी सोको कार्यान्वयन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ

सैद्धान्तिक बेरुजु

११ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषिमा १० लाख, पशु सेवामा १० लाख अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नियन्त्रण गरी प्रतिफल प्राप्त भए नभएको एकिन गरी कार्यालयले बेवसाइटमा राखी अनुदान रकमको सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| **संघ तथा प्रदेशको बजेटबाट पालिकाले वितरण भएको अनुदानको विवरण** | |
|---|---|
| **कृषि तथा पशु विकासतर्फ कृषकलाई दिएको अनुदान** | **बहुउद्वेश्यीय सहकारीलाई उपलब्ध गराएको अनुदान रकम** |

| कृषक वा समुहको नाम | अनुदानको विवरण | अनुदान रकम | संस्थाको नाम | अनुदानको विवरण | अनुदान रकम |
|---|---|---|---|---|---|
| एकिकृत कृषि तथा पशुपंक्षी सेवा केन्द्र कागकोट ढुकोट तेराङ र छार्का का सम्पूर्ण कृषकहरु | बिउ बिजन वितरण | २०००00 | श्री पुथा हिमाल बहुउद्वेश्यीय सहकारी संस्था लि. | भेडा बाख्रा नश्ल सुधार कार्यक्रम | ५०००00 |
| एकिकृत कृषि तथा पशुपंक्षी सेवा केन्द्र कागकोट ढुकोट तेराङ र छार्का का सम्पूर्ण कृषकहरु | पशु औषधि वितरण तथा उपचार | ८०००00 | छार्काभोट महिला कृषि पशुपालन बहुउद्वेश्यीय सहकारी संस्था लि. | भेडा बाख्रा नश्ल सुधार कार्यक्रम | ५०००00 |
| | जम्मा | १०००००० | | जम्मा | १०००००० |

सैद्धान्तिक बेरुजु

## १२ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका १० वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध भएन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्दै वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याई सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|

| | | |
|---|---|---|
| १ | जन्मदर्ता | ६९ |
| २ | मृत्युदर्ता | १८ |
| ३ | बसाईसराई दर्ता | १७ |
| ४ | विवाह दर्ता | ७ |
| ५ | सम्बन्धविच्छेद दर्ता | ० |

सैद्धान्तिक बेरुजु

### १३ कल्याणकारी कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले हालसम्म कर्मचारी कल्याण कोषको व्यवस्था गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

### १४ जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरुमा बाहेक देहायबमोजिम स्वीकृत दरबन्दी अन्तर्गत अहेव, अनमी लगाएत ७ जना करारमा नियुक्त गरी रु.३१२२८४६।० खर्च लेखेको पाइयो । ऐनको व्यवस्था बमोजिम आवश्यक कर्मचारी प्रदेश लोक सेवा आयोग मार्फत पदपूर्ति गर्नु दिनुपर्दछ ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| अहेव, अनमी लगायत | ७ | ३१२२८४६ |

| | | |
|---|---|---|
| जम्मा | ७ | ३१२२८४६ |
| | सैद्धान्तिक बेरुजु | |

१५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.६०००००।० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आयको ६.८६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बनाएर आर्थिक सहायता वितरण गर्ने व्यवस्था गरी वितरणमुखी आर्थिक सहायता नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **जिन्सी निरीक्षण तथा व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ तथा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । साथै महालेखा नियन्त्रक कार्यालय सम्पत्ती तथा जिन्सी मालसामानको अभिलेख अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले यस वर्ष नियमावली बमोजिम जिन्सी निरीक्षण गरेको छैन ।

· गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको पाइएन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुका साथै सम्पत्ती तथा जिन्सी मालसामानको पूर्ण अभिलेख सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यस वर्ष कुनै उजुरी दर्ता पनि नभएको पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

## १८ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानून ( ऐन नियम कार्यविधि लगाएत) हरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ ऐन, ६ नियमावली, ३९कार्यविधि तथा निर्देशिका, १ आचार संहिता र ४ नीति तथा रणनीति गरी लगायत ५९ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला नगरेको, अनुगमन निरीक्षण गरी प्रतिवेदन समेत पेश नभएकोले सहकारीको सञ्चालन अवस्था बारेमा एकिन नहुने हुँदा प्रणालीमा विवरण अद्यावधिक गरी सहकारी संस्थाको वित्तीय कारोबारको परिचालन गर्दा दुरुपयोग नहुने अवस्था सिर्जना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २० सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस आ.व. मा १ पटक मात्र सार्वजनिक सुनुवाई भएको देखियो। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **इन्धन मौज्दात**

पालिकाबाट प्राप्त विवरण अनुसार गत वर्षको मौज्दात ७३८७ ली. र यसवर्ष पालिकाले खरिद गरेको डिजेल १७५९०ली. समेत २४९७७ ली. डिजेल रहेकोमा जम्मा २२०३२ ली. डिजेल खर्च भइ २९४५ ली. बाँकी रहेको देखिन्छ । पालिकाको जिन्सी किताब अनुसार हाल २९४५ ली. डिजेल रु.१४४.५ ले रु.४१९५८१।० बाँकी रहेको देखिएकोले नियमानुसार उक्त तथ्याङ्क अध्यावधिक गरी इन्धन खर्चमा मितव्यायिता अपनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **विविध तथा सभा संञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना तथा मसलन्द सामाग्री लगायत) रु.२२८१७००।० र सभा सञ्चालनतर्फ रु.९३१०००।० समेत रु.३२१२७००।० खर्च गरेको छ। उक्त खर्च पालिकाको

आन्तरिक आयको ३६.७२ प्रतिशत हुन आउँछ। प्रशासनिक खर्च बढी हुँदा पालिकाको पूँजीगत खर्चमा असर पर्ने देखिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **इन्धन तथा मर्मत खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा मोटर साइकलको लागि प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन ( एक्जाभेटर १ थान, व्याक्हो लोडर १ थान र पालिकाको १ मोटरसाइकल समेत) मर्मतमा यस वर्ष रु. १९७५००० र इन्धनमा रु.६२१५००० खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने व्यवस्थित अभिलेख राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।यसमा तीन वर्षको इन्धन तथा मर्मत खर्चको अवस्था देहायनुसार विश्लेषण गरिएको छ ।

| **आर्थिक वर्ष** | **बजेट** | **इन्धन खर्च** | **बजेट** | **मर्मत खर्च** |
|---|---|---|---|---|
| २०७९।८० | ८८००००० | ७४२५००० | २०७५००० | २०५५६५० |
| २०८०।८१ | १०००००००० | ९०००००० | २०००००० | १६८१००० |
| २०८१।८२ | ७८००००० | ६२१५००० | २०००००० | १९७५००० |

यसरी तिनै आर्थिक वर्षमा इन्धन र मर्मत खर्च अत्यधिक देखिन्छ ।यस्तो खर्चमा मितव्ययिता अपनाई पालिकाले सार्वजनिक निर्माण कार्यमा डोजरको प्रयोग गरी आन्तरिक आय बढाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६

बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीलाई भ्रमण खर्च स्वरुप रु.३९२०००।० खर्च गरेको छ । भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन व्यवस्थित रुपमा राख्नुका साथै, यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २६ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४९१५५० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| क्र. स. | सफ्टवेयरकोनाम | खरिदमिति | कम्पनी | खरिदमुल्य | खरिदआ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | योजना संचालन सम्बन्धी योजना अनुगमन तथा प्रगति विवरण सफ्टवयर जडान | २०८१।०८।२५ | मालिका इन्फोसिस एण्ड सर्भिसेस प्रा लि | ४९१५५० | २०८१।८२ | संचालन भइरहेको |

सैद्धान्तिक बेरुजु

## २७ धरौटी फिर्ता १०।२०८१।१०।११

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) मा विल विजकको भुक्तानीमा कट्टी हुने धरौटी रकम फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ। साथै आन्तरिक राजश्व विभागको मिति २०७१।७।१४ को परिपत्र अनुसार धरौटि फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको पत्र पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष

सन्जिवनि दि कोर जे.भी. लाई रु ४१९५९२।० धरौटी फिर्ता गरेकोमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण संलग्न नगरी फिर्ता गरेको देखियो । उक्त रकमको कर समायोजन पत्र पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१९,५९२ |

२८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई विगत वर्षको समेत हालसम्म रु. ८८,२८,०००।० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको यस वर्षको पेश्की रु.३००००।० फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

| **क्रसं** | **पेश्कीको विवरण** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **चालु आवको** | **विगत वर्षको** | **जम्मा** |
|---|---|---|---|---|---|
| | | | **म्याद नाघेको** | **म्यादनाघेको** | |
| **१** | **कर्मचारी पेश्की** | | | | |
| १ | डोजर मर्मत तथा सामान खरिद | हेभी सवारी चालक आङदेन गुरुङ | ३०,०००.०० | ० | ३०,०००.०० |
| **२** | **निर्माण व्यवसायी** | | | | |
| १ | प्रशासकिय भवन निर्माण साझेदारी | ओम कार्यश्वर–किरण–उत्तम जे.भी | ० | ५५,००,०००.०० | ५५,००,०००.०० |
| **३** | **संस्थागत** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | जैथुन मिडिया एण्ड एडभरटाइजिङ प्रा.ली. | ० | १,००,०००.०० | १,००,०००.०० |
| २ | ६ वटा वडा कार्यालय भवन DPR | ड्रिम्स ईन्जिनियरीङ एण्ड एशोसियतस् प्रालि | ० | १,००,०००.०० | १,००,०००.०० |
| ३ | सरकारीनिकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई सशर्त चालु अनुदान | डोल्पो टुमरो | ० | ३,००,०००.०० | ३,००,०००.०० |
| **४** | **उपभोक्ता समिति** | | | | |
| १ | अन्य सार्वजनिक निर्माण | छुप्कोपाल गुम्वा मर्मत निर्माण उपभोक्ता समिति | ० | १,२०,०००.०० | १,२०,०००.०० |
| २ | अन्य सार्वजनिक निर्माण | लुङ देखी फेसिङ सम्म वाटो मर्मत उ स | ० | ५,२८,०००.०० | ५,२८,०००.०० |
| ३ | ढुकोट देखि शेरी सम्म सडक स्तरोन्नती तथा चाङचुङ खोला नदीनियन्त्रण | ढुकोट देखी सेरि सम्म सडक स्तरोन्नती तथा चाङचुङ खोला नदिनियन्त्रण | -६,००,०००.०० | ० | -६,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा पूर्वाधार निर्माण | तथा पुर्वाधार निर्माण | | | |
| ५ | **व्यक्तिगत** | | | | |
| १ | युवा तथा खेलकुद | टसी छोसाङ गुरुङ | ० | १,००,०००.०० | १,००,०००.०० |
| २ | फर्निचर तथा फिक्चर्स | ठरिक गुरुङ | ० | १,००,०००.०० | १,००,०००.०० |
| ३ | ढुकोट वडा कार्यालय भवन निर्माण | ढुकोट वडा कार्यालय भवन निर्माण उ.स. | ० | ७,५०,०००.०० | ७,५०,०००.०० |
| ४ | ठिमेर पानी घट्ट निर्माण | तार्के गुरुङ | ० | १,००,०००.०० | १,००,०००.०० |
| ५ | वडा महिला सरसफाई कार्यक्रम ६ वटै वडा | निमा आग्मु गुरुङ | ० | १,००,०००.०० | १,००,०००.०० |
| ६ | फर्निचर तथा फिक्चर्स | निमा होजरे गुरुङ | ० | १,००,०००.०० | १,००,०००.०० |
| ७ | फर्निचर तथा फिक्चर्स | नोम्जुम साङमु गुरुङ | ० | १,००,०००.०० | १,००,०००.०० |
| ८ | डोजरको लागी इन्धन खरिद | भक्त बहादुर वुढा | ० | ३,००,०००.०० | ३,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | फर्निचर तथा फिक्चर्स | मान प्रसाद बुढा | ० | ४,००,०००.०० | ४,००,०००.०० |
| १० | फर्निचर तथा फिक्चर्स | मान प्रसाद बुढा | ० | १,००,०००.०० | १,००,०००.०० |
| कुल जम्मा | | | -६,३०,०००.०० | ८७,९८,०००.०० | ८८,२८,०००.०० |

पालिकाले दिएकोफस्र्यौट गर्न बाँकी पेश्की बाँकीको विवरण (म.ले.प. फा.नं. २११) अनुसार ढुकोट देखि शेरी सम्म सडक स्तरोन्नती तथा चाङचुङ खोला नदीनियन्त्रण तथा पूर्वाधार निर्माण उपभोक्ता समितिको नाममा रु.६०००००।० ऋणात्मक पेश्की बाँकी देखिएकोले सो सम्बन्धमा एकिन गरी पेश्की विवरण अध्याविधक गर्नुपर्दछ ।

| | |
|---|---|
| पेश्की | ३०,००० |

## २९ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७५,४१,७७३। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.८७,५०,५२३ अर्थात अनुमान भन्दा १६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ३० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| १५७२३७०८३ | ८७५०५२३ | ५.५७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३१ **रसिद नियन्त्रण खाता**

आम्दानी व्यवस्थापन गर्न कार्यालयले महालेखापरीक्षकको कार्यालयले स्वीकृत (म.ले.प.फारम. नं ९०४) रसिद नियन्त्रण खाता तयार गरी प्राप्त वा छापिएका रसिद र निस्कासित रसिद अभिलेख राख्नुपर्ने व्यवस्था छ साथै कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । रसिद नियन्त्रण खाता तयार नगरेको कारण पालिकाबाट के कति रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाएको सोको अभिलेख पालिकामा देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ।

लेखापरीक्षणको क्रममा पेश भएका रसिदहरु देहाय अनुसार छन्

| **सिंन** | **मालपोत** रसिद |
|---|---|
| १ | ३०१ देखि ३५० सम्म |
| | **नगद रसिद** |
| १ | १ देखि ५० सम्म |
| २ | ५१ देखि १०० सम्म |
| ३ | १५१ देखि २०० सम्म |
| ४ | २०१ देखि २५० सम्म |

सैद्धान्तिक बेरुजु

३२ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१०००।० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैनन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **तीन वर्षको आन्तरिक आयको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. २०७९/ ८०को | असुली प्रतिशत | आ.व. | असुली प्रतिशत | आ.व. २०८१ / ८२को | |
|---|---|---|---|---|---|
| आय अनुमान | | २०८०/ ८१को | | आय अनुमान | असुली प्रतिशत |
| | | आय अनुमान | | | |
| १३६०८५१ | १४९१९१३ | १५०००००० | ९४०१३९ | ७५४१७७३.८९ | ८७५०५२३.३४ |
| असुली प्रतिशत | १०९.६३ | असुली प्रतिशत | ६२.६८ | असुली प्रतिशत | ११६.०३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७९/८० को आय अनुमान रु. १३६०८५१ मा रु.१४९१९१३ अर्थात १०९.६३ प्रतिशत असुली भएको, आ.व. २०८०/८१ को आय अनुमान रु.१५०००००० मा रु.९४०१३९ अर्थात ६२.६८ प्रतिशत असुली भएको, आ.व. २०८१/८२ को आय अनुमान रु.७५४१७७३.८९ मा रु.८७५०५२३.३४ अर्थात ११६.०३ प्रतिशत असुली भएको देखिन्छ । यसमा डोजरबाट हुने आम्दानी ह्रास हुँदा आन्तरिक आय घट्दो क्रममा

देखिन्छ ।आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याई यथार्थ अनुमान गरी सोही अनुरुप असुलीमा जोड दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **डोजर संचालन**

नगरपालिकाको स्वामित्वमा रहेको एक डोजर संचालन सम्बन्धमा देखाएका व्यहोराहरु देहाय बमोजम छन् :
आर्थिक वर्ष २०८१।२०८२ मा पालिकाले डोजर भाडामा दिइएकोमा डोजर संचालनबाट रु. ८०००००/- आय राजस्व दाखिला भएको देखिन्छ । जस अनुसार डोजर संचालनबाट जम्मा आय रु. ८०००००/- भएको छ । तर डोजर संचालनका लागि चालक तथा सह-चालक गरी ४ जनाको तलबमा रु. २०,८८,०००, इन्धनमा रु. ६२,१५,००० र मर्मत संभारमा रु.१९,७५,००० समेत जम्मा रु १,०२,७८,००० खर्च भएको देखियो ।यसरी डोजर संचालनबाट आम्दानी भन्दा रु ९४,७८,०००।- अधिक भएको देखियो । यसैले पालिकाबाट संचालित योजनामा संभव भएसम्म नगरपालिका कै डोजर प्रयोग गरी आन्तरिक आम्दानी बढाउने तर्फ थप ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

३५ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

३६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **आम्दानी शीर्षक** | **अनुमान** | **यस महिना सम्मकोआम्दानी** | **प्रतिशत** |
|---|---|---|---|---|
| १ | भुमिकर/मालपोत | २०००००.०० | ४५,३१७.०० | २२.६६ |
| २ | वहालकर | १६००००.०० | ०.०० | ०.०० |
| ३ | व्यवसायलेभुक्तानी गर्ने | १५००००.०० | ०.०० | ०.०० |
| ४ | अन्यकर | ०.०० | ५३०.०० | ०.०० |
| ५ | पदयात्राशुल्क | ०.०० | ३०.०० | ०.०० |
| ६ | अन्यसेवा शुल्क तथा बिक्री | ०.०० | ६९,७४०.०० | ०.०० |
| ७ | अन्यप्रशासनिक सेवा शुल्क | ०.०० | ७७,३२०.०० | ०.०० |
| ८ | नक्सापासदस्तुर | ०.०० | १९.०० | ०.०० |
| ९ | सिफारिशदस्तुर | ३०००००.०० | ७९,०००.०० | २६.३३ |
| १० | व्यक्तिगतघटना दर्ता दस्तुर | ०.०० | ३३,६००.०० | ०.०० |
| ११ | नाताप्रमाणित दस्तुर | ०.०० | ६,०००.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| १२ | अन्यदस्तुर | ९००००.०० | ९३२०००.०० | १०३५.५६ |
| १३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ०.०० | १,०००.०० | ०.०० |
| १४ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ६३४१७७३.८९ | ६३४१७७३.८९ | १००.०० |
| १५ | अन्यराजस्व | ३०००००.०० | ६०८७६५. | २०२.९२ |
| १६ | बेरूजू | ०.०० | ५५५४२८.४५ | ०.०० |
| जम्मा | | ७५४१७७३.८९ | ८७५०५२३.३४ | ११६.०३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **विज्ञापन शुल्क**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ (२) (ख) तथा विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ (क) बमोजिम कार्यालयले सूचना तथा विज्ञापन शुल्क भुक्तानी गर्दा पेश भएको विल बमोजिमको रकमको ३ प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसारको सूचना तथा विज्ञापन बापतको भुक्तानी गर्दा विज्ञापन शुल्क कट्टा नगरी भुक्तानी गरेको देखिन्छ । अत: कार्यालयले विज्ञापन शुल्कको ३ प्रतिशत रकम विज्ञापन बोर्डको खातामा जम्मा गर्नुपर्दछ

| **सिंनं** | **भौ।नं रमिति** | **एजेन्सीकोनाम** | **करयोग्य रकम** | **३ प्रतिशत कोषकट्टी** |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | १९८।२०८१।८।२९ | आर आर एण्ड मिडिया | २७,००० | ८१० |
| २ | १९८।२०८१।८।२९ | आर आर एण्ड मिडिया | १९,००० | ५७० |
| ३ | १९८।२०८१।८।२९ | ग्लोबल मिडिया प्रा ली | १००,८०० | ३०२४ |
| ४ | ४७८।२०८२।२।१७ | ग्लोबल मिडिया प्रा ली | ९९,७५० | २९९३ |
| ५ | ४८९।२०८२।२।३० | कान्जिरोबा मिडिया | ६९,४४० | २०८३ |
| ६ | ६५१।२०८२।०३।२५ | भिजन एण्ड मिडिया | १५७५०० | ४७२५ |
| | | **जम्मा** | ४७३४९० | १४२०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२०५ |

३८ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १५ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आधारभुत तथा आकस्मीक स्वास्थ्य सेवाका लागि औषधि खरिद बजेट उप शिर्षकबाट सन्ध्या मेडिसिन सप्लायर्सबाट रु ८,९६,४१४ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ३९ शिक्षक दरवन्दी र पदपूर्ति

पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ७ विद्यालय | १६ | ११ | ५ | १७९ |

सैद्धान्तिक बेरुजु

### ४० निशुल्क पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु ५८,८३२। विद्यालयहरुलाई निकासा दिएको छ। विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सम्वन्धमा पालिकाले अनुगमन गरेको देखिदैन साथै पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन । कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरे बमोजिम पालिकाले प्रतिवेदन तयार गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ४१ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति

प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको पाइएन। पालिकाले विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ क्रियाकलाप नं २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण र आर्थिक लेखा परीक्षण बापत माध्यमिक तहका विद्यालयलाई बार्षिक रु १५,०००।÷ र आधारभूत विद्यालयलाई बार्षिक रु १०,०००।÷ अनुदान दिने व्यवस्था छ साथै विद्यालयले आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सो को प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले पालिका भित्रका ७ आधारभूत विद्यालयलाई आर्थिक बर्ष २०८१।८२ मा रु ७०,००० अनुदान निकासा गरेको पाइयो । समयमा नै समाजिक परीक्षण र आर्थिक परीक्षण नगराउनु यसको कारण हो ।यसवाट पालिकाले यस आर्थिक वर्षमा निकासा गरेको अनुदानको विद्यालयले आम्दानी जनाएको विषयमा यकिन हुन सकिएन । सामुदायिक विद्यालयले पालिकाको अन्तिम लेखापरीक्षण हुनु भन्दा पहिले नै आर्थिक लेखापरीक्षण गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **दिवा खाजा**

कार्याक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदियिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्माका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक बेषको सुरुमै ।EMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ। साथै सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र स्थानीय तहले अनुगमनमा जादा अनुगमन निरीक्षणमा खटिएका व्यक्तिले उक्त पुस्तिकामा राय सुझाब उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ७ सामुदायिका विद्यालयहरुलाई दिवा खाजा बापत रु ४,५८,४२०। -अनुदान निकासा भएकोमा पालिकाले समय समयमा सामुदायिक विद्यालयमा अनुगमन गरी सुझाव दिएको देखिदैन ।

यसवाट सामुदायिक विलालयले विद्यार्थीहरुलाई गुणस्तरीय दिवा खाजा खुवाएको छ भनि विश्वस्त हुन सकिएन । पालिकाले प्रत्येक विद्यालयमा दिवा खाजाको अनुगमन गर्नुपर्दछ।अत: आगामि दिनमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४४ शिक्षक विद्यार्थी अनुपात

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाभित्र ७ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा १६ जना शिक्षकको दरबन्दी रहेको छ। जसमध्ये ११ जना स्थायी र ५ जना करारमा पदपूर्ति गरेको तथा उक्त विद्यालयहरूमा १७९ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:११ रहेको छ ।पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी आवश्यकतानुसार पदपूर्तिको लागि शिक्षक सेवा आयोगसँग माग गर्ने र बढी दरबन्दी भएमा समायोजन गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ

सैद्धान्तिक बेरुजु

## ४५ विद्यालयगत निकासा अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा खाता अद्यावधिक राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

## ४६ घरभाडा खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको

दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष कार्यालय प्रयोजनका लागि घरभाडातर्फ रु. ६३७१००।० र कार्यालय सामाग्री, विपद् प्रतिकार्य सामाग्री स्टोर र न्यायिक समितिका लागि रु. १८३९४६०।० खर्च गरेको छ। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रू. ४४२१५० र अन्य भत्ता रु. २९७०००खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४८ **संस्था तथा अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ.नं. र मिति | भुक्तानी भएको कार्यालय | वापत | रकम |
|---|---|---|---|
| ४५-०८१।६।८ | अस्थायी प्रहरी पोष्ट | विविध खर्च | ३५००० |
| १८२-०८१।८।१७ | अस्थायी प्रहरी पोष्ट | खाद्यन्न ढुवानी खर्च | ३५००० |

| | | | |
|---|---|---|---|
| २३८-०८१।८।२७ | नेपाल पत्रकार महासंघ | कार्यालय सञ्चालन खर्च | ३०००० |
| ३५५-०८१।१२।८ | प्रेस चौतारी नेपाल | विविध खर्च | २०००० |

सैद्धान्तिक बेरुजु

४९ **SEE दिने विद्यार्थीलाई अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम भुक्तानी गर्दा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षक वाट पालिकामा माध्यमिक तह सम्म अध्यायन हुने विद्यालय नभएको अवस्थामा समेत क्रिस्टल माउण्टेन मा.वि. बाट परिक्षामा सामेल हुने ५ विद्यार्थी र १ जना शिक्षकको परिक्षाको अवधिमा दुनै बजार डोल्पा वस्नको लागि खाना खाजा वापतको प्रति व्यक्ति रु.१२०००।० दरले रु.१२००००।० ब्लु शीप इन् हिमालयन ट्रेकर्स प्रा.ली.लाई भुक्तानी गरेको छ । यसरी अनुदान दिन मिल्ने स्पष्ट कानुनी आधार वेगर कार्यपालिकाबाट निर्णय गरी अनुदान दिएको देखिएकोले उक्त खर्च अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

५० **ग्याँस चुलो वितरण**

पालिकाले यस वर्ष ग्याँस चुलो वितरण कार्यक्रममा गत वर्षको पेश्की फर्स्योट रु.३००००००।० समेत रु.४०६०९८४।० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

५०.१ **उपभोक्ता समितिबाट खरिद कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने भएमा उपभोक्ता समितिबाट त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ । पालिकाले गाउँ कार्यपालिकाको मिति २०७९।८।१३ को निर्णयानुसार ग्याँस चुलो वितरण उपभोक्ता समिति गठन गरी देहायबमोजिम खर्च गरेको छ । उपभोक्ता समितिबाट सामाग्री खरिद सम्बन्धी कार्य गर्ने सम्बन्धी व्यवस्था नभएको अवस्थामा पालिकाले उपभोक्ता समितिमार्फत खरिद कार्य गराएको नियमसम्मत देखिएन । अतः पालिकाले गत विगत वर्षमा कायम बेरुजु रु.३००००००।० बाहेक हुने रु.४०६०९८४।० नियमित गर्नुपर्ने रु.

| क्र.सं. | सामाग्रीको नाम | परिमाण | दर | रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ग्याँस सिलिन्डर | ८०० थान | ४०७० | ३२५६००० |
| २ | ग्याँस चुलो सेट विभिन्न ५ प्रकारका सामाग्री | ४०० थान | ३५८४ | १४३३६३२ |
| जम्मा | | | | ४६८९६३२ |
| मु.अ.कर समेत जम्मा | | | | ५२९९२८४ |
| ढुवानी खर्च | | | | १७६५००० |
| कुल जम्मा | | | | ७०६४२८४ |

| | |
|---|---|
| अनियमित भएको | ४०,६०,९८४ |

५०.२ **उपभोक्ता समितिको लागत साझेदारी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाबाट यस वर्ष निर्माण भएका अन्य निर्माण कार्यमा दश प्रतिशत लागत साझेदारीमा निर्माण कार्य गर्ने गरेकोमा ग्याँस चुलो वितरण कार्यक्रममा सोही अनुसार साझेदारी गर्नुपर्नेमा गरेको देखिएन । अत नियमावलीमा भएको व्यवस्था अनुसार उपभोक्ताको साझेदारी राखेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५०.३ **वितरण भर्पाइ -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद गरेका देहायबमोजिमका सामाग्री खरिद गरेकोमा हालसम्म रु.२२७३१२।० को सामाग्री पालिकामा मौज्दात रहेको देखिएकोले सोको समेत वितरण गर्नुपर्दछ । .

| क्र.सं. | विवरण | खरिद परिमाण | भर्पाइ भएको | बाँकी | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | ग्याँस सिलिण्डर | ८०० | ७४० | ६० | ४०७० | १६२८०० |
| २ | ग्याँस चुल्हो सेट | ४०० | ३८२ | १८ | ३५८४ | ६४५१२ |
| जम्मा | | | | | | २२७३१२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ५१ बढी ढुवानी खर्च

पालिकाले स्वीकृत गरेको पालिका दररेट अनुसार दुनै देखि कागकोट सम्म असजिलो सामाग्री ढुवानी प्रति के.जी. रु.४७ र कागकोट देखि पुङ्गा (धारुङ्जा) सम्म प्रति के.जी. रु.३६।० लाग्ने उल्लेख छ । सोही अनुसार पालिकाले श्री दत्त वहादुर सिङ्ग लाई दुनै देखि धारुङ्जा सम्म ४००० ली. डिजेल ढुवानी गरे वापत स्वीकृत दर अनुसार प्रति के.जी. रु.८३।० का दरले रु.३३२०००।० भुक्तानी गर्नुपर्ने रु.३७०५००।० भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.३८५००।० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,५०० |

### ५२ स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८२.५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **पूँजीगत शिर्षकबाट चालु खर्च**

एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा पूँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत वजेट शिर्षकमा छार्का गुम्बा कार्यक्रम राखि विभिन्न खाना खाजा खर्च तथा कार्यक्रम सञ्चालन सम्बन्धी चालु प्रकृतिका कार्य गरी रु.३८४०००।० खर्च लेखेको छ । पुँजीगत बजेटबाट चालु प्रकृतिको कार्य गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,८४,००० |

५५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्मबाट कुल रु.३८०१२८४।० भन्दा बढीको सोझै खरिद गरेकोमा केही उदाहरण तलको तालिकामा उल्लेख गरिएको छ। सोझै खरिद हुँदा खरिदमा प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिद कार्यमा बढी प्रतिस्पर्धा हुनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ.नं. र मिति | फर्म/निर्माण व्यवसायी | खरिदको विवरण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | गा.पा. पुँजीगत | १२३- २०८२।३।२१ | निसान कम्प्युटर ट्रेडर्स | जेनेरेटर खरिद | २३१००० |
| २ | गा.पा. पुँजीगत | ६५- २०८१।८।२५ | डि एण्ड डी निर्माण सेवा | मोला देखि कासाङ्ग सम्म सडक मर्मत | ४५५४७२ |
| ३ | गा.पा. पुँजीगत | ९६- २०८२।१।१७ | ट्याक्टर नेपाल प्रा.ली. | डोजर मर्मत सामाग्री खरिद | १४२३११ |
| ४ | गा.पा. पुँजीगत | ९६- २०८२।१।१७ | डाइनामिक हेभी इक्वीपमेन्ट प्रा.ली. | डोजर मर्मत सामाग्री खरिद | ४५३८५६ |
| ५ | गा.पा. चालु | १५०- २०८२।७।२१ | कर्णाली ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द कार्यालय सामाग्री खरिद | ३५९४२४ |
| ६ | गा.पा. चालु | ५३७- २०८२।३।११ | न्यु त्रिपुरा स्टेशनरी इलेक्ट्रिकल्स अडर एण्ड सप्लायर्स | मसलन्द कार्यालय सामाग्री खरिद | २५८२०० |
| जम्मा | | | | | १९००२६३ |

सैद्धान्तिक बेरुजु

## ५६ मुल्य अभिवृद्धि कर कट्टी

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो वापतको रकम भुक्तानि गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको सम्झौता गरी गरिएको खरिद कार्यमा नियमावलीमा भएको व्यवस्था

अनुसार ३० प्रतिशत मुल्य अभिवृद्धी कर कट्टी नगरी सबै रकम सम्बन्धित निर्माण व्यवसायी/आपुर्तकलाई भुक्तानी गरेकोले उक्त मूल्य अभिवृद्धि कर रकम रु.५६२०८९।० को कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| क्र.सं. | भौ.नं. | निर्माण व्यवसायी/आपुर्तक | विजक नं. | भुक्तानी रकम | मु.अ.कर भुक्तानी |
|---|---|---|---|---|---|
| १ | ११-६।१६ | डिम्पल ट्रेनिङ्ग एण्ड कन्सल्टिङ्ग सर्भिसेज प्रा.ली. | ४-२०८१।६।१५ | ९८८७५० | ११३७५० |
| २ | १२-६।१६ | अष्टर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. | २-०८१।६।१७ | ९८५९२४ | ११३४२५ |
| ३ | १३-६।१६ | ग्यालेक्सी इन्जिनियरिङ्ग ट्रेड लिङ्क प्रा.ली. | ३-०८१।६।१७ | ९८७६२० | ११४४०० |
| ४ | १४-६।१७ | डाँगी कन्ष्ट्रक्सन | २-०८१।६।७ | ९३८५९१ | १०७९६८ |
| ५ | १७३-३।२५ | अनिया कन्ष्ट्रक्सन प्रा.ली. | | ९८०००० | ११२५४६ |
| जम्मा | | | | ४८८०८८५ | ५६२०८९ |
| | | | | प्रमाण पेश नगरेको | ५,६२,०८९ |

५७ **हेलीभाडा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायबाट कुनै तालिम, कार्यक्रम, सेमिनार गर्नुपरेमा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने तथा उक्त कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रममा भएको खर्च, विल भर्पाइ, कार्यक्रममा उपस्थितको विवरण, कार्यक्रमबाट लाभान्वीत व्यक्तिको संख्या, उपस्थिति लगाएतका विषय समावेश गरी प्रतिवेदन जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत कागकोट गुम्बा कार्यक्रममा रु.४०००००।० खर्च गरेको छ । त्यस्तै सोही कार्यक्रमको लागि लामालाई हेलि मार्फत ल्याएको हेलि भाडा वापत कार्यपालिकाको मिति २०८१।५।२३ को निर्णयानुसार रु.६०००००।० खर्च लेखेको छ । उक्त कार्यक्रममा खाना खाजा खर्च वापत सबै रकम

खर्च भएको देखिएकोमा उक्त कार्यक्रमको समग्र अवस्था देखिने प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले उक्त कार्यक्रमको समग्र अवस्था देखिने गरी प्रतिवेदन तयार गरी खर्च लेख्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **उपभोक्ता समितिबाट जटिल कार्य तथा हेभी इक्वीपमेन्टको प्रयोग**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिकाट कार्य गर्दा मितव्यायिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट त्यस्तो कार्य गर्न सकिने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने कार्यमा लोडर, एक्साभेटर, रोलर लगाएतका हेभी मेशिनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । पालिकाले यस वर्ष पिसिसि, आरसिसिको कार्य गर्नुपर्ने विभिन्न भवन निर्माण कार्य तथा लागत अनुमानमा नै मेशिनको दर राखि डोजर एक्साभेटर प्रयोग गरी निर्माण गर्नुपर्ने पर्ने सडक निर्माण कार्य उपभोक्ता समितबाट गराएको छ । उपभोक्ता समितिबाट मेशिन प्रयोग गर्दा रोजगारी सृजना नहुने तथा भवन निर्माण कार्यमा गुणस्तरियता समेत हुने कुरामा एकिन नहुने हुँदा उपभोक्ता समितिबाट जटिल संरचना निर्माण गर्ने साथै हेभी इक्वीपमेन्ट प्रयोग गरी गर्नुपर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **पालिकाको साझेदारी**

उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को बुँदा ५ अनुसार आयोजना सञ्चालन गर्नको लागि कार्यक्रमको तर्फबाट अधिकतम नब्बे प्रतिशत र स्थानीय तहको तर्फबाट न्युनतम दश प्रतिशत लागत साझेदारी रहने उल्लेख छ । पालिकाले उक्त कार्यक्रममा देहायबमोजिमका योजना सञ्चालन गरेकोमा कार्यविधि अनुसार पालिकाको न्युनतम साझेदारी नगरी संघ तर्फबाट बढी खर्च गरेको देखिएकोले संघ तर्फ बढी खर्च भएको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.

| क्र.सं. | कार्यक्रम | जम्मा खर्च रकम | कार्यक्रमबाट हुनुपर्ने साझेदारी | भएको साझेदारी | नपुग साझेदारी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी हाट बजार केन्द्र निर्माण | २३७५००८ | २३७५०१ | ० | २३७५०१ |
| २ | हिउँ पोखरी निर्माण वडा नं. १ | १०३९१६२ | १०३९१६ | ० | १०३९१६ |
| जम्मा | | ३४१४१७० | ३४१४१७ | | ३४१४१७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४१,४१७ |

६० **टेलिकम टावर निर्माण**

६०.१ **सम्झौता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम भुक्तानी गर्दा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मोवाइल टावर सामाग्री ढुवानीमा रु.३६१२८८३।० खर्च गरेकोमा नेपाल टेलिकम टावर ढुवानी सम्बन्धमा पालिका र नेपाल टेलिकम विच कुनै पनि सम्झौता भएको देखिएन । जसबाट पालिकाले गर्नुपर्ने साझेदारी, त्यसवाट पालिकामा प्राप्त हुने प्रतिफल लगायत विषय समेत एकिन हुन सकिदैन । उक्त टावर निर्माण सामाग्री खरिद, टावर निर्माण सम्बन्धी अन्य कार्य नेपाल टेलिकम स्वयंले गर्ने जनाएकोमा सो सम्बन्धमा नेपाल टेलिकमसँग आपसी समन्वय तथा समझदारी (MoU) गरेर मात्र यस्तो कार्य गर्नुपर्दछ । त्यस्तै नाफामुलक संस्थाबाट हुने कार्य उपभोक्ता समिति मार्फत गर्नु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३६,१२,८८३ |

६०.२ **दुई उपभोक्ता समिति मार्फत कार्य -** पालिकाले यस वर्ष उभोक्ता समिति मार्फत ढुवानी गरेको टेलिकम टावर सम्बन्धी विवरण देहायबमोजिम छ ।

| क्र.सं. | उपभोक्ता समिति | विवरण | ढुवानी कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| १५२-३।२४ | टेलिफोन टावर ढुवानी | पालिकाले रु.१८१३९३६।० को लागत अनुमान तयार गरी उपभोक्ता समितिले | नेपाल टेलिकमको च.नं. ४१ र ४२ मिति २०८१।४।१६ को | १५९६८८३ |

| | | | | |
|---|---|---|---|---|
| | अनुदान वडा नं. २ उ.स. | रु.१७००००।० र पालिकाले रु.१७००००००।० व्यहोर्ने गरी खरिद सम्झौता गरी कन्टिन्जेन्सी वापतको रकम कट्टी गरी रु.१५९६८८३।० भुक्तानी गरेको । | पत्रानुसार ३४ प्रकारका सामाग्री ढुवानी गरेको जनाएको | |
| १६२-३।२५ | टेलीफोन टावर ढुवानी अनुदान उ.स. वडा नं. ५ र ६ | पालिकाले रु.२२३०८२०।० को लागत अनुमान तयार गरी उपभोक्ता समितिले रु.२१००००।० र पालिकाले रु.२१००००००।० व्यहोर्ने गरी खरिद सम्झौता गरी कन्टिन्जेन्सी वापतको रकम कट्टी गरी रु.२०१६०००।० भुक्तानी गरेको । | नेपाल टेलिकमको च.नं. ४१ र ४२ मिति २०८१।४।१६ को पत्रानुसार ३४ प्रकारका सामाग्री ढुवानी गरेको जनाएको | २०१६००० |
| | | जम्मा | | ३६१२८८३ |

संलग्न कागजात अनुसार नेपाल टेलिकमको एउटै चलानी नम्बर र मितिको पत्रबाट दुई उपभोक्ता समितिले दुईवटा टावर निर्माण सामाग्री ढुवानी गरेको देखिन्छ । उक्त दुई उपभोक्ता समितिले एकै टावरको लागि सामाग्री ढुवानी गरे नगरेको सम्बन्धमा पालिकाबाट एकिन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.३ **उपभोक्ता समितिमार्फत ढुवानी कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने भएमा उपभोक्ता समितिबाट त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ । पालिकाले यस वर्ष नेपाल टेलिकमको मोवाइल टावरका समाग्री काठमाडौं देखि सम्बन्धित साइटसम्म ढुवानी कार्य २ वटा उपभोक्ता समिति मार्फत गराई रु.३६१२८८३।० भुक्तानी गरेको छ । उपभोक्ता समितिसँग ढुवानी सम्बन्धी इक्विपमेन्ट तथा विज्ञता नहुने तथा ढुवानी सम्बन्धी कार्यले रोजगारी सृजना समेत नहुने अवस्थामा उक्त कार्य उपभोक्ता समिति मार्फत गराउनु उचित देखिदैन । अत यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.४ **कार्यस्वीकार प्रतिवेदन** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने तथा नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि करारका शर्त बमोजिम अन्तिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले टेलिकम टावर ढुवानीको कार्य उपभोक्ता समितिमार्फत गराई रकम भुक्तानी गरेकोमा उक्त सामाग्री ढुवानीमा लाग्ने लागतको स्पष्ट आधार बेगर लागत अनुमान तयार गरी खरिद गरेकोमा उक्त सामाग्री सोही अनुसार नै उपलब्ध भए नभएको सम्बन्धमा नापजाँच गरी नापी किताब र उपभोक्ता समितिले कार्य गरे पश्चात कार्यस्वीकार/कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार कार्यस्वीकार गरेर मात्र अन्तिम भुक्तानी दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **ठेक्का नं. ०१-०८१।८२**

पालिकाले कागकोट देखि भारुङ्ग सम्म रोड निर्माण योजनाको वोलपत्र विधिबाट खरिद गरी निर्माण व्यवसायी श्री बैरवाङ्ग विल्डर्स एण्ड सप्लायर्स प्रा.ली.लाई रु.५९९२४४४।० भुक्तानी गरेको यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६२.१ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा वोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबोल गरेमा कवुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटि कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच

प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त निर्माण कार्यको लागि मुअकर र पिएस बाहेक रु.१६७५७२५६।० को लागत अनुमान स्वीकृत गरि खरिद कार्य सुरु गरेकोमा निर्माण व्यवसायीले रु.६२६७७७८।० कबुल गरेको उल्लेख गरी खरिद सम्झौता गरेकोमा खरिद ऐन अनुसार रु.४३२०४४८।० कार्यसम्पादन जमानत राख्नुपर्नेमा जम्मा रु.२२६४०००।० को मात्र कार्यसम्पादन पेश गरेको देखियो । अत नियमावलीमा भएको व्यवस्था अनुसारको कार्यसम्पादन जमानत राखेर मात्र खरिद कार्य गर्नु गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२.२ **बीमाको रकम भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले देखि भारुङ्ग सम्म रोड निर्माण योजनाको निर्माण व्यवसायी श्री बैरवाङ्ग विल्डर्स एण्ड सप्लायर्स प्रा.ली.ले पिएस आइटमको रुपमा रहेको विमा वापत रु.३४७०७।० को विजक पेश गरेको अवस्थामा रु.४८०००।० भुक्तानी गरेकोले विजक भन्दा बढी भुक्तानी रकम रु.१३२९३।० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,२९३ |

६३ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशर्पधि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.९७ देखि ६२.५८ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| क्र सं | ठेक्का नं | कार्यको विवरण | निर्माण व्यवसायीको नाम | लागत अनुमान रकम | घटि प्रतिसत | ठेक्का अंक(भ्याट समेत) | |
|---|---|---|---|---|---|---|---|
| १ | 01/081/082 | कागकोटदेखिभारबुङ सडक निर्माण | खैरावाङविल्डर्स एण्ड सप्लायर्स प्रा लि | १८९२९४६० | ६२.५८ | ७०८२५८९ | |
| २ | 02/081/082 | चुङनाङ पुलदेखि तिम्री गाउँ हुँदै मानदाङ चौंरी खर्कसम्म सडकनिर्माण | सामसिद्द निर्माण सेवा रुकुम पश्चिम | २८९८१०१ | ४४.३० | १६७०६२३ | |
| ३ | 03/081/082 | छार्का भेरी नदी तटबन्धन निर्माण योजना | ग्रेटर नेपाल ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लिकालिकोट | १९१२४७४५ | ६०.३७ | ७५७९३५५ | |
| ४ | 04/081/082 | कागकोट भेरी नदी तटबन्धन निर्माण योजना | ओम कारेश्वर किरण जे भी डोल्पा | ३१३८०२२९ | ४६.३६ | १७१७७४९५ | |
| ५ | 05/081/082 | लुङवु खोलारिभर ट्रेनिङ कार्य र ट्रस ब्रीज निर्माण | सामसिद्द निर्माण सेवा रुकुम पश्चिम | ११३०४१२५ | ३६.९३ | ८४९८९८२ | |
| ६ | 06/081/082 | च्यामरदेखिछारुङसम्म सडक स्तरोन्नति | पुथा हिमाल कन्स्ट्रक्सन डोल्पा | १७६६२८९७ | ४६.३५ | ९८०५२०७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | 07/081/082 | कृषि तथा पशुपन्छी हाट बजार केन्द्र निर्माण | त्रिपुरा सुन्दरी ईन्जिनियरिङ मल्टिपर्पोज कन्स्ट्रक्सन प्रा लिडोल्पा | ३६४४६००१ | ३०.२९ | २४८३४५८ | |
| ८ | 08/081/082 | हिउँ पोखरी निर्माण | त्रिपुरा सुन्दरी ईन्जिनियरिङ मल्टिपर्पोज कन्स्ट्रक्सन प्रा लिडोल्पा | १६१२९३८ | ३१.७० | ११०१५८१ | |
| ९ | 09/081/082 | छारुङदेखि छार्का सम्म सडक स्तरोन्नति | पुथा हिमाल कन्स्ट्रक्सन डोल्पा | १२५६०५९१ | २.९५ | १२१९०१३३ | |
| १० | 01/079/080 | गाउँपालिका प्रशासकीय भवन निर्माण | ओम कारेश्वर किरण उत्तम जे भी डोल्पा | ११२०१६५३७ | ०.९७ | ११०९२९६८९ | |
| | | | | सैद्धान्तिक बेरुजु | | | |

६४ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ

नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **प्रमुख प्रशासकीय भवन निर्माण**

स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को बुदा न १२ नेपाल सरकारले गाँउपालिकाको हकमा ६० प्रतिशत बजेट उपलव्ध हुने व्यवस्था छ । त्यसै गरी बुदा नं. १४ मा स्थानीय तहले यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाको प्रत्येक रनिङ बिलको रकम भुक्तानी दिदा तोकिएको लागत सहभागिताको अनुपातमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रमुख प्रशासकीय भवन निर्माण वापत निर्माण व्यवसायी श्री ओम कार्यश्वर उत्तम जे.भी.लाई हालसम्म पेश्कीसमेत कूल रू.२८३३२३४८।० भुक्तानी गरेको छ । पालिकाबाट सुरुमा मोबिलाइजेशन पेश्की बापत रु.१ करोड समेत हालसम्म रु.११९४५००० भुक्तानी भएको छ । कार्यविधिमा भएको व्यवस्था अनुसार संघीय सरकारको अनुपात समेत एकिन आगामी विलको खर्च लेखाङ्कन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| क्र.सं. | कामको विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको योजनाको लागत परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दोस्रोपञ्चवर्षिय आवधिक योजना निर्माण | | १५००००० | १०९२१४५ | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन तयार | | ५०००००0 | ३५०३०० | - | | |
| ३ | भवन निर्माण मापदण्ड तयार गर्ने र स्थानीय सामग्रीको प्रयोग गरीभवनको डिजाईन मोडल तयार गर्ने एवं स्याप भवन डिजाईन र सफ्टवेयर खरीद कार्य | ग्यालेक्सी इन्जिनियरिङ्ग ट्रेड लिङ्क प्रा.ली. | १००००००0 | ९९४४०० | - | | |
| ४ | पिमि खाने पानी योजना डिपिआर | डिम्पल ट्रेनिङ्ग एण्ड कन्सल्टिङ्ग सर्भिसेज प्रा.ली. | **१००००००** | **९८८७५०** | **५३१८९३९** | यस वर्ष बजेट विनियोजन भएको | |
| ५ | मुकोट खानेपानी योजना डिपीआर | अष्टर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. | **१००००००** | **९८५९२४** | **५१९५२२२** | यस वर्ष बजेट विनियोजन भएको | |

उल्लेखित परामर्श खरिदबाट प्राप्त विवरण स्वीकृत गरी कार्यान्वन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **लगत कट्टाको अभिलेख**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्‌यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना)

उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध हुन सकेन। मूल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

६८ **कर्मचारीको नाममा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ ।साथै ई.एफ.टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारीको नाममा भुक्तानी गरेको हुँदा उक्त रकमको सदुपयोग भए नभएको एकिन हुन नसक्ने हुदा पालिकाले यस प्रकारको कार्यलाइ नियन्त्रण गर्नु पर्दछ ।

केहि उदाहरणहरु

| गो भौ नं मिति | खर्च शीर्षक | कर्मचारीको नाम | रकम |
|---|---|---|---|
| २५६। २०८२।०१।२६ | किशोर किशोरी स्वास्थ्य सेवा कर्यक्रम | पुष्पलता बोहरा | ४४,००० |
| | | स्वास्थय शाखा कर्मचारी | |
| २६१। २०८२।०१।२६ | स्थानीय रोजगार रणनिति तर्जुमा | कल्पना कुमारी शाहि | २०००० |
| | | रोजगार संयोजक | |
| २६३। २०८२।१।२६ | रोजगार संवाद मंचको संचालन | कल्पना कुमारी शाहि | ३०००० |

| | | | |
|---|---|---|---|
| | | रोजगार संयोजक | |
| ३३४। २०८२।०३।१९ | महामारी आकस्मिक रोग नियन्त्रण कार्यक्रम | देव नारायण भट्टराइ | ७५०० |
| | | पशु स्वास्थ्य प्राविधिक | |
| | **जम्मा** | | **१०१,५००** |
| | | | सैद्धान्तिक बेरुजु |

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ३९ योजना सञ्चालन गरी यस वर्ष ६८ जनालाई औसत ९६ दिनले दिन रोजगारी उपलब्ध गराई रु ५,७९,७,०२२। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| वडा नं | कार्यक्रम/योजना संचालन | विनियोजित बजेट | जम्मा खर्च रकम | ज्यालामा भएको खर्च | रोजगार संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| १ | छर्का भोट आ वि तथा बडा कार्यालय भवन घेरवार निर्माण | १२,७८,००० | १२,४१,५१५ | १२,४१,५१५ | १२ | ९७ |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र घेरवार निर्माण योजना | १२७८००० | १२५९५१५ | १२५९५१५ | १२ | ९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | साङमिक खेत घेरावार निर्माण योजना | ११४०६६८ | ११२५०४४ | ११२५०४४ | ११ | ९६ |
| ४ | कागकोट गाउँको बाटो पि सि सि निर्माण योजना | १२७८००० | ११७५१८० | ११७५१८० | ११ | ९६ |
| ५ | धारवाङ साप्तिक छोइलिङ गुम्वा घेराबार निर्माण योजना | ११४०६६८ | ११२९७५० | ११२९७५० | ११ | ९६ |
| ६ | सयपत्री आ वि घेरावार निर्माण योजना | ११४०६६८ | ११०७५३३ | ११०७५३३ | ११ | ९५ |
| | जम्मा | ५९७८००४ | ५७९७०२२ | ५७९७०२२ | ६८ | ९६ |

सैद्धान्तिक बेरुजु

७० **साझेदारी**

कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८१ बुँदा नं. १७ बमोजिम बाली, फलफुल, नर्सरी, च्याउ, पशुपनछी, मत्स्य लगायत कार्यक्रममा अनुदान रकम र अधिकतम सीमा स्वीकृत बजेटको सीमा परिधिभित्र रही लागत अनुमानको अधिकतम ५० प्रतिशतसम्म र सोही कार्यविधिको बुँदा नं. ४१(१) र (२) बमोजिम महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रमको अनुदान रकम र अधिकतम सीमाः व्यवसायिक योजनाको कुल लागतको ७० प्रतिशतसम्म हुने उल्लेख छ । यस पालिकाबाट संचालित कार्यक्रम कार्यविधि बमोजिम लागत साझेदारी नगरी शतप्रतिशत भुक्तानी गरेको पाइयो ।यसरी कार्यविधिको पालना नगरी बढी भुक्तानी भएको रकम रु.४६२३१७।० सम्बन्धित लाभग्राहीबाट असुल गर्नुपर्ने रु.

| गो भौ नं. मिति | कार्यक्रम | सहकारी | भुक्तानी भएको रकम १०० प्रतिशत | बढी भुक्तानी भएको रकम ३० प्रतिशत |
|---|---|---|---|---|
| ३४। २०८२।०३।२४ | महिला सहकारी मार्फत च्याङ्ग्रा | छार्काभोट महिला कृषि पशुपालन | १५४१०५७ | ४६२३१७ |

| | | | | |
|---|---|---|---|---|
| | प्रवर्द्धन कार्यक्रम | बहुउद्देश्यीय सहकारी संस्था लि. | | |
| | | | असुल गर्नुपर्ने | ४,६२,३१७ |

७१ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.२०९९३९८ को मसलन्द तथा कार्यालय मालसमानमा खर्च गरेको छ ।यसरी कार्यालयमा आवश्यक सामाग्रीको लागत अनुमान तयार गरी सबै मसलन्द तथा सामाग्री खरिदलाई ठेक्का मार्फत खरिद गरी खरिद कार्यलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## अनुगमन लेखापरीक्षण

७२

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु.७४३९६७८३।० मध्ये फस्र्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको रकम मध्ये रु.२१५८२४२९।८९ सम्परीक्षण गरीएको छ । सोको जानकारी उक्त प्रणाली मार्फत गराइएकोछ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **छार्का ताङसोङ गाउँपालिका, डोल्पा** को २०८२ सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन

प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ७४३९६७८३ | २१५८२४२९.८९ | १००९१७४८.७ | ० | ६२९०६१०१.८१ |

## अनुसूचीहरू

*अनुसूची - १*

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : छार्का ताङसोङ गाउँपालिका, डोल्पा , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अमरराज सेजुवाल | २०७८-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | इन्द्रलाल कंडेल | २०८१-११-२० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५२८,३१५ | ८,१७७,८६७ | १,३५५,५६६.७ | ० | ० | ३०,००० |
| | | | | **जम्मा बेरुजु रकम** | १०,०९१,७४८.७ |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | २०४,५८३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४५६८७११९.५१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १४१९३११०३ | **चालु खर्च** | १२२७११६७२ |
| **प्रदेश सरकारबाट अनुदान** | २८७२७२७३ | **पूँजीगत खर्च** | १०५०५१४५८ |
| **राजश्व बाँडफाँट** | ४१८२४४३३ | **वित्तीय/अन्य व्यवस्था** | ५५१०६३३९ |
| **आन्तरिक आय** | ८७५०५२३.० | | |
| **अन्य आय** | ४८२५५९७६.११ | | |
| **कुल आय** | २६९४८९३०८.११ | **कुल खर्च** | २८२८६९४६९ |
| **बाँकी मौज्दात** | | ३२३०६९५८.६२ | |

*अनुसूची - २*

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | संघीय र प्रदेशतर्फको चालु खर्च | शिक्षा तर्फ |
| २ | आन्तरिक आय | धरौटी आम्दानी, सदरस्याहा, फिर्ता र बाँकी राजस्व तथा आन्तरिक आय |
| ३ | विविध | विविध सहकारी तर्फ |
| ४ | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता वितरण |

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| ५ | संघीयतर्फको पुँजिगत खर्च | सोझै खरिद तथा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद परामर्श सेवा खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी सम्पन्न निर्माण कार्य |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम मुख्यमन्त्री रोजगार कार्यक्रम |
| ७ | प्रदेशतर्फ पुँजिगत खर्च | खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी |
| ८ | पालिका पुँजिगत खर्च | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य बोलपत्र सम्बन्धी प्रक्रियाको पालना स्थिति र बोलपत्र मूल्याङ्कन र स्वीकृति खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी |
| ९ | पालिका चालुखर्च | विविध खर्च (अतिथि सत्कार लगायत) सेवा र परामर्श खर्च तथा अन्य करार सेवा शुल्क तलब भत्ता खर्च र पदिधकारीको सुविधा चालु खर्च (ईन्धन, मर्मत र घरभाडा) अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च |

*बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३*

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११००० | कर | | ४,१४,५३,१९३.४५ | ० | ४,१४,५३,१९३.४५ | ४,५६,४९,६४५.३२ | ० | ४,५६,४९,६४५.३२ |
| १३००० | अनुदान | | १५,७२,३७,०८३.९४ | ० | १५,७२,३७,०८३.९४ | १४,५४,७१,०९२.०० | ० | १४,५४,७१,०९२.०० |
| १४००० | अन्य राजस्व | | ८५,६६,३३४.७५ | ० | ८५,६६,३३४.७५ | ५,६४,१६९.१२ | ० | ५,६४,१६९.१२ |
| १५००० | विविध प्राप्ति | | ५,५५,४२८.४५ | ० | ५,५५,४२८.४५ | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | २०,७८,१२,०४०.५९ | | २०,७८,१२,०४०.५९ | १९,१६,८४,९०६.४४ | | १९,१६,८४,९०६.४४ |
| ३ | चालु | | १२,२७,११,६७२.९८ | ० | १२,२७,११,६७२.९८ | १०,९७,३०,०२४.९२ | ० | १०,९७,३०,०२४.९२ |
| २१००० | पारिश्रमिक / सुविधा | | ३,९९,६५,२९८.६२ | ० | ३,९९,६५,२९८.६२ | २,६५,३८,८७१.४४ | ० | २,६५,३८,८७१.४४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,४६,८६,९१६.०० | ० | ६,४६,८६,९१६.०० | ५,७४,७४,०६१.८८ | ० | ५,७४,७४,०६१.८८ |
| २६००० | अनुदान | | २५,१६,१८४.०० | ० | २५,१६,१८४.०० | १,१५,७४,७५१.६० | ० | १,१५,७४,७५१.६० |
| २७००० | सामाजिक सुरक्षा | | ० | ० | ० | ३७,२६,१८४.०० | ० | ३७,२६,१८४.०० |
| २८००० | अन्य खर्च | | १,५५,४३,२७४.३६ | ० | १,५५,४३,२७४.३६ | १,०४,१६,१५६.०० | ० | १,०४,१६,१५६.०० |
| ४ | पूंजीगत | | १०,५०,५१,४५८.०० | ० | १०,५०,५१,४५८.०० | ७,५९,८९,७५१.०० | ० | ७,५९,८९,७५१.०० |
| ३११११० | भवन तथा संरचना | | ४०,७३,८३३.०० | ० | ४०,७३,८३३.०० | १,४२,९७,२१७.०० | ० | १,४२,९७,२१७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११२० | सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | | २०,४६,८३९.०० | ० | २०,४६,८३९.०० | ५२,५७,०८५.०० | ० | ५२,५७,०८५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,८९,३०,७८६.०० | ० | ९,८९,३०,७८६.०० | ५,६४,३५,४४९.०० | ० | ५,६४,३५,४४९.०० |
| ख) | कुल जम्मा भुक्तानी | | २२,७७,६३,१३०.९८ | | २२,७७,६३,१३०.९८ | १८,५७,१९,७७५.९२ | | १८,५७,१९,७७५.९२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -१,९९,५१,०९०.३९ | | -१,९९,५१,०९०.३९ | ५९,६५,१३०.५२ | | ५९,६५,१३०.५२ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ६५,३८,४६०.८३ | | ६५,३८,४६०.८३ | -१४,३४,०८४.३२ | | -१४,३४,०८४.३२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात | | -१,३४,१२,६२९.५६ | | -१,३४,१२,६२९.५६ | ४५,३१,०४६.२० | | ४५,३१,०४६.२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (बचत /(कमी)) ( ङ = ग+घ) | | | | | | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,३६,४६,२१९.९० | | ४,३६,४६,२१९.९० | ३,९१,१५,१७३.७० | | ३,९१,१५,१७३.७० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,०२,३३,५९०.३४ | | ३,०२,३३,५९०.३४ | ४,३६,४६,२१९.९० | | ४,३६,४६,२१९.९० |